'क' वर्गको पत्रिका
सञ्चारपत्र
SANCHAR PATRA DAILY दैनिक




वर्ष १० अङ्क ५१ पूर्णाङ्क ३४२३ | २०८१ भदौ २६ गते बुधबार (11 Sept., 2024) | (पृष्ठ-४) मूल्य रु. ५ ।- (website : www .esancharpatra.com)

# सिएमसीमा मनोरोगको प्रभावकारी उपचार

भरतपुर। पछिल्लो समय नेपालमा मानसिक रोगका कारण आत्महत्या गर्ने क्रम बढेको छ। विश्वमा सबैभन्दा धेरै आत्महत्या गर्ने देशको सूचीमा नेपाल दशौं भित्र पर्छ। नेपालमा धेरैजसो लागू औषधको कुलतले मानिस मानसिक रोगको शिकार हुँदै आइरहेका छन् ।

उपत्यका बाहिर सबैभन्दा धेरै मनोरोगको उपचार गर्दै आइरहेको चितवन मेडिकल कलेज (सिएसी)मा दैनिक एक सय १० जनाको हाराहारीमा बिरामी उपचारका लागि आउने गरेका छन् । ती मध्ये करिव १० जनामा कडा खालको मानसिक रोग लागेको देखिएको अस्पतालका चिकित्सक सीपी सेढाईले जानकारी दिनुभयो । धेरै जसो उपचारका लागि आउने गरेका बिरामीलाई आफू मानसिक रोगी भएको महसुस गर्ने गरेका हुँदैनन् । उनीहरुलाई परामर्श पछि औषधि उपचार गर्ने गरिएको छ।

अस्पतालले मंगलबार पत्रकार सम्मेलन गरी मानसिक रोगको उचारमा अस्पतालले गरेका प्रयास र मानसिक रोगको वर्तमान अवस्थाको बारेमा जानकारी गराएका छ। पत्रकार सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दै डा.खगेन्द्र काफ्लेले आत्महत्याको मुख्य कारण नै मानसिक रोग भएको बताउनुभयो।




उहाँले नेपाल प्रहरीको तथ्यांकलाई उदृत गर्दै आर्थिक वर्ष २०८०/८१ मा ७ हजार २२३ जनाले आत्महत्या गरेको जानकारी दिनुभयो। उहाँका अनुसार कोभिड-१९ को समयमा धेरै नेपाली मानसिक रोगी हुन पुगेका थिए। २०७९/८० मा ६ हजार ९९३ जना आत्महत्या गरेका थिए।

सिएमसीले २०६४ भदौदेखि नै मनोरोगको उपचार सुरु गरेको थियो। सुरुमा आकस्मिक कक्षमा दुई वटा शैयाबाट सुरु गरिएको यो सेवा आज ३० शैयाको बनेको अस्पतालका प्रमुख कार्यकारी अधिकृत प्रताप देवकोटाले जानकारी दिनुभयो। अस्पतालमा गत आर्थिक वर्षमा १६ हजार ८३४ जना मनोरोगका बिरामीको उपचार गरिएको अस्पतालले जनाएको छ। जसमध्ये ५०९ जना भर्ना भएरै सेवा लिएका थिए। मनोरोगको उपचार गराउन आउनेमा ५५ प्रतिशत महिला छन् भने ४५ प्रतिशत पुरुष छन् । तर आत्महत्या गर्नेमा महिला भन्दा बढी पुरुष हुने गरेको चिकित्सक बताउँछन् ।

सिएमसीमा विशेषज्ञ चिकित्सक, आधूनिक उपकरणसहितको उपचारको सफलताको दर उच्च रहेकै कारण अस्प्तालमा मनोरोगको उपचार गर्न आउनेको संख्या दिनानुदिन बढ्दै गएको अस्पतालको भनाई छ। अस्पतालमा औषधिको प्रयोगसंगै विद्युतीय उपचार (इ.सिटी), परामर्श, साइकोथेरापी विधिको प्रयोग गरेर उपचार गर्ने गरिएको छ भने त्यसका अलवा बिरामीलाई मनोरञ्जनात्मक (नाँचगान) आध्यात्मिक, योग समेत गराएर उपचार गर्ने गरिएको अस्पतालका सिइओ देवकोटाले जानकारी दिनुभयो। बंशानुगत रुपमा सर्ने, आमा बाबुबाट बाल्यवस्थामा टाढा रहनाले, हर्मोनको गडबढी, शारीरिक रोग लामो समयमा लागेमा, बिरामी हुनु अघिको व्यक्तित्व, तात्कालिन घटनाक्रम, पारिवारिक अस्वस्थ सम्बन्ध, लागू पदार्थ सेवन, गर्भावस्थामा संक्रमण, मस्तिष्कको वृद्धिमा रोक, समाजबाट टाढा रहनाले र टाउकोको चोटपटक इत्यादी कारणले मनोरोग लाग्ने गरेको चिकित्सक बताउँछन् ।

# सेन्ट्रल मोडल कलेजले दुई करोड बराबरको छात्रवृत्ति प्रदान गर्ने

भरतपुर। सेन्ट्रल मोडल कलेजले उच्चशिक्षाको पहुँचलाई थप प्रवर्द्धन गर्न दुई करोड रुपैयाँ बराबरको छात्रवृत्ति कार्यक्रम घोषणा गरेको छ। यस छात्रवृत्तिले विभिन्न क्षेत्रका मेधावी विद्यार्थीलाई आर्थिक समस्या बिना नै उत्कृष्ट उच्चशिक्षा हासिल गर्ने अवसर प्राप्त हुने कलेजका अध्यक्ष यज्ञ बिलास(वाईबी) पौडेलले जानकारी दिनुभयो। सेन्ट्रल मोडल कलेजले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको छ। कलेजले व्याचलर अफ इन्फरमेशन म्यानेजमेन्ट (बिआईएम) र व्याचलर अफ होटल म्यानेजमेन्ट (बिएचएम) कार्यक्रम सञ्चालन गर्दै छ।

कलेजले सञ्चालन गरेको शैक्षिक कार्यक्रमले सूचना प्रविधि र होटल व्यवस्थापनको क्षेत्रमा विद्यार्थीहरूलाई विशेषज्ञ बनाउने उहाँले बताउनुभयो। यी कार्यक्रमहरूलाई सफलतापूर्वक सञ्चालन गर्न कलेजले आधुनिक प्रविधिमा आधारित कक्षाहरू सञ्चालन गरिरहेको छा 'यसले विद्यार्थीहरूलाई दक्षता विकासमा मात्र नभई उनीहरूलाई व्यवहारिक ज्ञान र सीपहरू प्रदान गर्न मद्दत गर्नेछ', उहाँले भन्नुभयो।




सेन्ट्रल मोडल कलेजले 'पढ्दै कमाउँदै' अवधारणा अपनाएको छ। यसले विद्यार्थीलाई आर्थिक रुपले सक्षम हुने अवसर समेत प्रदान गर्ने पौडेलले बताउनुभयो। ' विद्यार्थीहरूले पढाईको साथसाथै व्यवसायिक अनुभव पनि लिनेछन्, जुन उनीहरूको भविष्यका लागि अत्यन्तै महत्त्वपूर्ण हुनेछ', उहाँले भन्नुभयो।

सेन्ट्रल मोडल कलेजका प्रिन्सिपल डा. टीआर चालिसेका अनुसार कलेजको उद्देश्य केवल शैक्षिक प्रमाणपत्र दिने मात्र नभई विद्यार्थीहरूलाई हरेक क्षेत्रको प्रतिस्पर्धामा उत्रिन योग्य बनाउनु हो। यो कलेजको शैक्षिक दृष्टिकोण विद्यार्थीहरूलाई विशुद्ध अध्ययन मात्र नभई, उनीहरूको सर्वाङ्गीण विकासमा ध्यान दिने रहेको उहाँले बताउनुभयो। कलेजले चितवनमा मात्र नभई देशभर नै नयाँ शिक्षा प्रणालीको विकास गर्ने उहाँको भनाइ छ।

# चितवन गोल्डकपको उद्घाटनमा सूर्यपुर र बागमती भिड्ने

चितवन। दोस्रो चितवन गोल्डकपको खेल तालिका सार्वजनिक भएको छ। आयोजक भरतपुर फुटबल क्लबले आज (मंगलबार) खेल तालिका सार्वजनिक गरेको हो। नेपाल प्रहरी शिक्षालय भरतपुर तालिमकेन्द्रको मैदानमा असोज ३ देखि १२ गतेसम्म हुने प्रतियोगितामा १० टिम सहभागी हुनेछन् । सहभागी टिमलाई दुई समूहमा बिभाजन गरिएको छ। समूह 'ए' मा सूर्यपुर एफसी, बागमती युवा क्लब सर्लाही, सल्हेस एफसी सिराहा, न्यु स्टार एफसी सुनसरी र बुटवल लुम्बिनी एफसी रहेका छन् ।

यस्तै समूह 'बी मा आयोजक हानामी बिएफसी, राईजिङ स्टार भुमही, नेपाल पुलिस क्लब, वीरगञ्ज युनाइटेड र एपिएफ फुटबल क्लब काठमाडौं रहेका छन्। प्रतियोगिताको उद्धाटन खेलमा सूर्यपुर एफसी र बागमती भिड्नेछन् । प्रतियोगिताको विजेताले 'ट्रफीसहित ६ लाख तथा उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछ। यस्तै प्रतियोगिताभरको उत्कृष्ट खेलाडीले १५, विधागत उत्कृष्टले १० तथा म्यान अफ दि म्याचले ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । करिब ४० हजार दर्शकले प्रत्यक्ष रुपमा प्रतियोगिताको खेलहरु अवलोकन गर्ने आयोजकको अनुमान छ। दर्शकका लागि पहिलो चरणमा ५०, क्वाटरफाइनल र सेमिफाइनलमा एक सय तथा फाइनलमा दुई सय रुपैयाँको टिकटको व्यवस्था गरिएको संयोजक धुर्व भुसालले जानकारी दिनुभयो। प्रतियोगिताको तयारी तीव्र रुपमा अघि बढेको उहाँले बताउनुभयो।

प्रतियोगिताको मुख्य प्रायोजकमा गोल्डेन ईमिनेन्ट ईन्टरनेशनल तथा सह प्रायोजकमा हानामी ईन्टरनेशनल एजुकेसन रहेका छन् । टिकेटिङ पार्टनमा एक्सपर्ट एजुकेशन एण्ड भिजा सर्भिसेज चितवन रहेको छ भने बागमती प्रदेश सरकार, भरतपुर महानगरपालिका र चितवन जिल्ला फुटबल संघ प्रतियोगिताको प्रवर्द्धक संस्था हुन् ।

# सरकारी कार्यालयमा बसेर शेयर कारोबार गर्न नपाइने

चितवन। प्रधानमन्त्री केपी शर्मा ओलीले सेवाग्राहीको काम प्रभावित भएपछि सरकारी कार्यालयमा शेयर कारोबार गर्ने प्रणाली टीएमएसमाथि प्रतिबन्ध लगाइएको बताउनुभएको छ। मंगलवार सामाजिक सञ्जालमा लेख्दै उहाँले सरकारी कार्यालयमा बसेर शेयर कारोबार गर्नु कानूनी दृष्टिले अमान्य भएको स्पष्ट पार्नुभएको हो। 'सरकारी कार्यालयमा बसेर शेयर बजारमा निजी कारोबार गर्नु कानूनी दृष्टिले अमान्य छ। यसले सरकारी कामकाजमा प्रतिकूल प्रभाव परेको छ र सेवाग्राहीको काम प्रभावित भएको गुनासो आइरहेको छ,' उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'यही जनगुनासोलाई सम्बोधन गर्दै अब सरकारले देशभरिका सबै सरकारी कार्यालयमा शेयर कारोबार गर्ने प्रणाली (टीएमएस)माथि प्रतिबन्ध लगाएको छ। सबै मन्त्रालय, आयोग, सचिवालय, स्थानीय तहका कार्यालयमा टीएमएस नचल्ने बनाउन निर्देशनसमेत दिइएको छ। सरकारी कार्यालयमा अब सरकारी काममात्र गर्न अनुरोध गर्दछु।' सरकारी कार्यालयमा कर्मचारी शेयर कारोबारमा व्यस्त रहँदा पछिल्लो केही समययता सेवाग्राहीको काम नै प्रभावित भएको जनगुनासो आएको थियो।




# प्रथम पिप्ले हासु कप असोज ५ देखि हुने

राप्ती। प्रथम पिप्ले हासु कप फुटबल प्रतियोगिता असोज ५ गतेदेखि सुरु हुने भएको छ। पिप्ले युवा समाज राप्ती नगरपालिका १ पिप्ले चितवनको आयोजनामा उक्त प्रतियोगिता हुने भएको हो।

समाजको खेल मैदानमा हुने प्रतियोगितामा १० टिम सहभागी हुनेछन् । जसमा आयोजक पिप्ले युवा समाजसँगै न्यु ज्योति युवा क्लब, हर्दी युवा समाज, मेन्था युथ क्लब मनहरी, सुनचुरी सिम्पानी क्लब, युवा जागृती क्लब र मनकामना युवा क्लब रहेका छन् । यस्तै जेएमटी युथ क्लब भण्डारा, रत्नप्रिय युवा क्लब मनहरी र सुन्दरबस्ती युवा क्लब पनि प्रतियोगितामा सहभागी हुने क्लबका अध्यक्ष अन्जन पाठकले जानकारी दिनुभयो। असोज २० गतेसम्म सम्म प्रतियोगिताको विजेताले ट्रफीसहित ५० हजार रुपैयाँ प्राप्त गर्नेछ। यस्तै उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्ने पाठकले जानकारी दिनुभयो। विधागत उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिता सम्पन्न गर्न करिब पाँच लाख खर्च हुने आयोजकको अनुमान छ। प्रतियोगिताको तयारी तिव्र गतिमा भईरहेको उहाँले बताउनुभयो। समाजले स्थापनादेखि नै विभिन्न कार्यक्रमहरु गर्दै आएको छ। युवा लक्षित जनचेतनामुलक कार्यक्रम, रक्तदान तथा सरसफाईलगायतको काम गर्दै आएको उहाँले बताउनुभयो।









'क' वर्गको पत्रिका
सञ्चारपत्र
SANCHAR PATRA DAILY राष्ट्रिय दैनिक

यदि तिमीले आफूलाई सच्चा प्रेम गर्छौ भने तिमीले कहिल्यै अरुलाई चोट दिन सक्दैनौ । - गौतम बुद्ध

## सम्पादकीय

### आत्महत्या रोकथाममा गम्भीर बनौं

अंग्रेजी वर्षको सेप्टेम्बर १० तारिखमा विश्वरभर 'विश्व आत्महत्या रोकथाम दिवस' मनाईएको छ। यो दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ। वर्षेनी यो दिवस मनाउने गरिए पनि नेपालमा आत्महत्याको दर घटेको देखिदैन। पछिल्लो दश वर्षको आँकडा हेर्ने हो भने नेपालमा वर्षेनी आत्महत्या गर्नेको संख्या १४ प्रतिशतले वृद्धि हुँदै गएको देखिन्छ। पछिल्लो समय प्रविधिको प्रयोग बढ्नुको साथै युवाहरू लागूऔषधको दुर्व्यसनमा फस्दै जानुले यो समस्या बिकराल हुँदै गइरहेको छ। पछिल्लो आँकडा अनुसार नेपालमा दैनिकजसो २० जनाले आत्महत्याको बाटो रोज्ने गरेका छन्। यी तथ्यांकले नेपालमा आत्महत्याको अवस्था भयावह हुँदै गएको देखाउँछ।

आत्महत्याको मुख्यकारण नै मनोरोग रहेको चिकित्सक बताउँछन्। ९५ प्रतिशत मानिस मनोरोगकै कारण आत्महत्याको बाटो रोज्छन् भने ५ प्रतिशत मात्रै आकस्मिक निर्णयले आत्महत्या गर्ने अवस्थामा पुग्ने गरेको तथ्यांकले देखाएको छ। आर्थिक वर्ष २०८०/८१ मा ७ हजार २२३ जनाले आत्महत्या गरेका छन्। आ.व.२०७९/८० मा भने ६ हजार ९९३ जनाले आत्महत्या गरेको प्रहरीले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ। नेपालमा आत्महत्या धेरै हुने ठाउँमा कोशी प्रदेश पहिलो नम्बरमा देखिन्छ भने बागमती प्रदेश चौथो नम्बरमा छ। यी तथ्यांकले पनि अवस्था भयावह हुँदै गएको देखाउँछ। आत्महत्या धेरै हुने मुलुकमा नेपाल दशौं भित्र पर्ने गरेकाले यसको रोकथाममा संवेदनशील हुन जरूरी देखिएको छ।

चालु आर्थिक वर्षमा बागमती प्रदेशका जिल्लाहरू मध्ये चितवन आत्महत्या धेरै हुने जिल्लाको पहिलो नम्बरमा परेको छ। यी अवस्थाले गर्दा बागमती प्रदेश स्वास्थ्य निर्देशनालयले चितवनमा यसको रोकथामको लागि पहलगदमी लिएको छ। यसको रोकथाम गर्न सरोकारवालासंग छलफलका साथै जनचेतनामुलक कार्यक्रम गरेको छ। यसको रोकथामको एउटै मात्र विकल्प हो मनोरोग हुनबाट जोगाउन। चितवनमा १७ वर्षदेखि मनोरोग उपचार गर्दै आइरहेको चितवन मेडिकल कलेजमा गत आर्थिक वर्ष मात्रै १६ हजार ८३४ जनाले मनोरोगको उपचार गराएका छन्। यो तथ्यांकले पनि हाम्रो समाजमा मनोरोगले जरो गाडेको देखाउँछ। त्यसैले सरकार, हाम्रो समाज, सबै पक्ष यसको शतप्रतिशत न्यूनीकरण गर्न नसकिए पनि केहीहदसम्म रोकथामका लागि गम्भिर बन्न जरुरी छ।

## आजको राशीफल

ज्योतिषी : पं. लक्ष्मणप्रसाद सुवेदी, मो. ९८५५०४६६५८

- मेष : आकस्मिक धनलाभको योग रहेको छ, शैक्षिक तथा राजनीतिक क्षेत्रमा प्रभुत्व जम्नेछ।
- वृष : आफन्तबाटै विश्वासघात हुन सक्ने, स्वास्थ्यसम्बन्धी समस्याले पिरोल्नेछ।
- मिथुन : नयाँ कामको योजना तय हुनेछ, आफन्त र परिवारबाट आवश्यक सहयोग प्राप्त हुनेछ।
- कर्कट : वैदेशिक क्षेत्रमा गरेको लगानीको प्रतिफल मिल्ने, धनसम्पत्ति प्राप्त हुने योग रहेको छ।
- सिंह : आम्दानीका स्रोतहरू पत्ता लाग्नेछन्, सोचविचारपूर्वक काममा लाग्दा राम्रो हुनेछ।
- कन्या : व्यवसायबाट आंशिक लाभ हुनेछ, परिवारमा रमाइलो र खुसियालीको क्षण आउने।
- तुला : धार्मिक क्षेत्रको यात्रा हुन सक्ने, दैनिक कार्य यथावत चल्नेछन्, मन प्रशन्न र खुसी रहला।
- वृश्चिक : अनावश्यक काममा ध्यान जानाले काम बिग्रने, आफन्तजनको सल्लाहले काम गर्नुहोला।
- धनु : परिवारबाट साथ र सहयोग प्राप्त हुनेछ, आम्दानीका स्रोतहरू फेला पर्नेछन्।
- मकर : दैनिक कार्यमा सक्रिय भइनेछ, अतिथि सत्कारमा समय व्यतीत हुनेछ।
- कुम्भ : समाजका प्रतिष्ठित व्यक्तिबाट सहयोग मिल्नेछ, गर्न लागेको काममा ध्यान पुऱ्याउनुहोला।
- मीन : विपरित लिंगीबाट सहयोग मिल्नेछ, नराम्रो संगतले गर्दा गर्न लागेको काममा बाधा आउने।

# हङकङमा नेपाली वस्तुबजारको खोजी



विचार
- डा.उदय रानामगर

नेपाल र चीन बीचको कूटनीतिक सम्बन्ध १ अगस्त, १९५५ मा स्थापित भएपश्चात् हङकङमा महावाणिज्य दूतावासको स्थापना सन् १२ अप्रिल, १९९७ भई सञ्चालनमा रहेको छ। हङकङ सानो सहर भए तापनि यसको जनसङ्ख्या करिब ७५ लाख रहेको छ। हङकङ सरकारबाट प्रकाशित तथ्याङ्कअनुसार यहा बस्ने नेपाली नागरिकहरू २५ हजारको हाराहारीमा भए तापनि नेपाली मूलका करिब ५० हजार नजिक रहेको अनुमान छ।

साथै दक्षिण एसियाली मूलका मानिसहरूको सङ्ख्या करिब दुई लाखभन्दा बढी रहेको अनुमान छ। हङकङमा दैनिक दुई लाख पर्यटक हवाई मार्गबाट मात्र आउने गरेको छ। त्यतिकै सङ्ख्यामा सतहमार्गबाट हङकङ प्रवेश गर्दछन्। यो सहर व्यापारिक कारोबारको हिसाबले विश्वको नै आकर्षक केन्द्रका रूपमा रहेको छ। यस्तो सम्भावनाको बीचमा पनि नेपालले हङकङको बजारबाट खासै अवसर लिन सकेको छैन। नेपाली वस्तु उत्पादनको बास्केट नै कमजोर एकातिर छभने अर्कातिर उत्पादित वस्तुको गुणस्तर, 'प्याकेजिङ' तथा 'ब्रान्डिङ'का कारण नेपाली वस्तुले हङकङको बजारमा खासै स्थान पाउन सकेको देखिँदैन।

नेपालको वैदेशिक व्यापारको इतिहास लामो नै रहेको छ। नेपालको वैदेशिक व्यापारको आकार बढेर आएको भए तापनि निर्यात व्यापार २०६० सालदेखि क्रमशः घट्दै गएका कारण पछिल्लो समयमा निर्यात तथा आयातको अनुपात १:९ पुगेको छ। यसले नेपालको व्यापार घाटा उच्च रहेको देखाउँछ। विश्व बैङ्कका अनुसार नेपालको वैदेशिक व्यापारले सन् २०२३ मा कुल गार्हस्थ्य उत्पादनमा ४१.६४ प्रतिशत योगदान गर्दै आएको उल्लेख छ। नेपालबाट निर्यात हुने प्रमुख सामानहरूमा वनस्पति घ्यू, पश्मिना र तयारी पोसाक रहेका छन्भने प्रमुख आयात गरिने सामानहरूमा पेट्रोलियम, खाद्यान्न र औषधि छन्। नेपालको वैदेशिक व्यापारमा छिमेकी देश भारतसँग करिब ६० प्रतिशत छभने चीनसँग करिब ३५ प्रतिशत रहेको छ। तर हङकङसँगको व्यापारको अंश भने सानो नै रहेको छ।

नेपाल सरकारले निर्यात व्यापार बढाउनका लागि आव २०६७/६८ देखि मूल्य अभिवृद्धिका आधारमा वस्तु निर्यातमा नगद अनुदानको व्यवस्था लागू गरेको छ। यसमा ५० प्रतिशत वा सोभन्दा बढी मूल्य अभिवृद्धिमा पाँच प्रतिशत र ३० प्रतिशत वा सोभन्दा बढी मूल्य अभिवृद्धिमा तीन प्रतिशत अनुदान उपलब्ध गराउने प्रावधान छ। विगत पाँच वर्षमा नगद अनुदानले निर्यातमा १२ प्रतिशत हिस्सा रहेको छ। कुल अनुदान प्राप्त वस्तुको योगदान ५० प्रतिशत पुगेको छ। यो व्यवस्था रहे तापनि नेपालको निर्यात व्यापार बढ्न सकेको छैन। त्यसैगरी, हङकङसँगको निर्यात व्यापार पनि उल्लेखनीय रूपमा वृद्धि हुन सकेको छैन। जसले गर्दा नेपालको हङकङसँगको व्यापार पनि घाटामा रहेको छ।

नेपाल एकातिर भूपरिवेष्टितताको पीडामा छँदैछ भने पछिल्लो समयमा आएको कोभिड-१९ महामारीको कारण अर्थतन्त्रमा समेत सङ्कुचन ल्याइदिएको छ। नेपाल



जस्तो सानो आकार भएको अर्थतन्त्र भएको देशमा यसको प्रभावले बढी सङ्कुचित गराई दिएको छ। यसको कारणले सन् २०२३ मा नेपालको कुल गार्हस्थ्य उत्पादनको आकार ४२ अर्ब अमेरिकी डलरमा मात्र छ। आर्थिक वर्ष २०२३/२४ मा आर्थिक वृद्धि ३.९ प्रतिशत छ, जहाँ कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र गैरकृषि क्षेत्रको ७५.९ प्रतिशत रहेको छ। नेपालको अर्थतन्त्रमा व्यापारको अंश ठूलो रहेको भए तापनि वैदेशिक व्यापार असन्तुलित छ। आव २०२३/२४ मा कुल वैदेशिक व्यापार एक हजार सात सय २४ अर्ब रहेकामा व्यापार घाटा एक हजार चार सय ४० अर्ब पुगेको छ। यो अङ्क अघिल्लो आवको भन्दा बढी रहेको छ। यद्यपि भटमासको तेल, सिन्थेटिक यार्न र ऊनी गलैंचा जस्ता वस्तुको निर्यातमा सुधार आएको छभने आयत केही घटेको पनि छ।

नेपालका प्रमुख निर्यात वस्तुहरूमा अलैंची, रेडिमेड कपडा, जुट, चिया र फलफूलको जुस रहेका छन्, जबकि आयात गरिने वस्तुहरूमा डिजेल, भटमासको कच्चा तेल, मोबाइल, र सुन पर्दछन्। यी वस्तुहरूमध्ये केही हङकङसँग पनि हुने गरेको भए तापनि अझै व्यापारमा ठूलो घाटा देखिएको छ। भन्सार विभागको आर्थिक वर्ष २०७५/७६ तथ्याङ्कअनुसार हङकङबाट रु चार अर्ब ६९ करोड ६४ लाख ७२ हजारको वस्तु आयात भएकामा नेपालबाट हङकङतर्फ केवल रु ३२ करोड ८८ लाखको वस्तु निर्यात भइ खुद व्यापार घाटा रु चार अर्ब ३६ करोड ७६ लाख रहन गएको थियो। यो तथ्यले पनि हङकङसँगको व्यापार नेपालको पक्षमा नरहेको अवस्थामा देखिन्छ।

अध्ययनले हङकङमा रहेका नेपाली व्यवसायीले १२ प्रकारका व्यवसाय गर्दै आएको पाइयो। जसमा खुद्रा बिक्री नौ प्रतिशत, ग्रोसरी व्यवसायमा ३१ प्रतिशत, होटल र रेष्टुरेन्ट १६ प्रतिशत र आयात निर्यात गर्ने व्यवसाय नौ प्रतिशत छन्। व्यवसायीहरूमा १४ प्रतिशतले नेपालमा उत्पादित वस्तु बिक्री गर्छन्, जबकि ७१ प्रतिशत नेपाली र विदेशी दुवै प्रकारको वस्तुहरूको व्यापार गर्छन्। ८७ प्रतिशत व्यवसायीले तीन वर्ष वा सोभन्दा बढी समयदेखि नेपाली सामानहरूको व्यवसाय गर्दै आएका छन्। यहाँ ग्रोसरीका वस्तुहरूको माग ३९ प्रतिशत छभने चिया र कफीको माग १७ प्रतिशत र हर्बल वस्तुको १६ प्रतिशत माग रहेको छ। यसको अतिरिक्त हस्तकलाका सामानमा सिङ्गिङ बाउल र बुद्धको मूर्तिको माग राम्रो रहेको छ। जबकि ऊनी र रेडिमेड सामानको बजार भने कमजोर रहेको छ।

नेपालबाट गरिने निर्यात व्यापारका प्रमुख समस्याका रूपमा २७ प्रतिशतले अपर्याप्त उत्पादन, २२ प्रतिशतले वस्तु प्याकेजिङमा समस्या, १६ प्रतिशतले कमजोर गुणस्तर, १५ प्रतिशतले प्रक्रियागत कठिनाइ र ६ प्रतिशतले अनुदान नभएको भन्ने औँल्याएका छन्। करिब ४९ प्रतिशत उत्तरदाताले नेपालको निर्यात प्रक्रियाप्रति असन्तुष्ट जनाएका छन्। उनीहरूले निर्यात प्रक्रियामा रहेको झन्झटिलो प्रावधानलाई समस्याका रूपमा लिएका छन्।

नेपालबाट कोलकत्ता नाका हुँदै हङकङ निर्यात गर्ने व्यापारी करिब ४६ प्रतिशत छन्। ४० प्रतिशत उत्तरदाताहरूले सामान निर्यात गर्दा धेरै डकुमेन्ट आवश्यक हुँदा निर्यात व्यापारमा बाधा पुगेको भन्ने कुरा औँल्याएका छन्। यसले ढुवानी लागत बढाउने र प्रक्रिया झन्झटिलो बनाउने गरेको छ। सतह मार्गबाट गरिने कार्गोको खर्च बढी लाग्ने गरेको छ। यसलाई घटाउनका लागि ४० प्रतिशतले सरकारले अनुदान दिनुपर्ने औँल्याएका छन्भने २३ प्रतिशतले ट्रान्जिट सुविधामा ध्यान दिनुपर्नेमा औँल्याएका छन्। त्यति नै सङ्ख्याका उत्तरदाताले कार्गो प्वाइन्ट घटाउन सुझाएका छन्भने १४ प्रतिशतले निःशुल्क रूपमा सङ्कलन केन्द्रहरू विस्तार गर्नुपर्ने बताएका छन्।

नेपाली सामानले हङकङमा बजार लिन नसक्नुको प्रमुख कारणहरूमा उच्च ढुवानी लागत देखिन्छ। नेपालबाट हङकङसम्म चारवटा ढुवानी रुटहरू उपलब्ध छन्। यसमा तातोपानी, केरुङ, कलकत्ता तथा हवाई मार्ग पर्दछ। तातोपानी नाकाबाट कार्गो ढुवानी गर्दा १५ देखि १८ दिन लाग्ने गरेको छभने लागत एक सिविएमको रु १० हजार पाँच सय पर्छ। केरुङ नाकाबाट ढुवानी गर्दा करिब लागत रु ११ हजार र २५ देखि ३० दिन लाग्दछ। कोलकत्ता नाकाबाट लागत १६ हजार आठ सय तथा २० देखि २२ दिन लाग्दछ। हवाई मार्गबाट ढुवानी गर्दा लागत प्रतिकेजी रु पाँच सय पर्छ तर एकै दिनमा गन्तव्यमा पुग्दछ। हवाई मार्ग सबैभन्दा छिटो र कम समय लाग्ने भए पनि अन्य रुटहरूको तुलनामा उच्च लागत लाग्दछ। यसरी ढुवानी रुटको विश्लेषण गर्दा तातोपानी नाका लागतको हिसाबले सस्तो देखिए तापनि समयावधि बढी लाग्ने भएकाले कोलकत्ता नाकाको प्रयोग बढी भएको देखिन्छ। लागत तथा समयअवधि नै नेपालको वैदेशिक व्यापारका लागि बाधक पक्ष देखिन्छ।

नेपालको निर्यात व्यापार बढाउनका लागि ८८ प्रतिशत उत्तरदाताले वस्तुको गुणस्तर, शुद्धता, प्याकेजिङ, र ब्रान्डिङको महत्वलाई औँल्याएका छन्। ३० प्रतिशतले गुणस्तरलाई प्रमुख मान्छन्, जबकि ३५ प्रतिशतले प्याकेजिङ र ब्रान्डिङलाई बढी ध्यान दिनुपर्ने बताएका छन्। २० प्रतिशतले वस्तुको शुद्धतामा सुधारको आवश्यकता औँल्याएका छन्भने १५ प्रतिशतले वस्तुको विविधता गर्नुपर्ने बताएका छन्।

हङकङमा नेपाली र भारतीय वस्तुहरूको मूल्य तुलना गर्दा, नेपाली वस्तुहरू भारतीय सामानभन्दा औसतमा ४० प्रतिशतसम्म महँगो देखिएका छन्। विशेषगरी, दाल, आलु, प्याज, र चिउरा क्रमशः ७५ प्रतिशत, ५० प्रतिशत, ३३ प्रतिशत र ३७ प्रतिशत महँगा देखिन्छ। कोलकाता हुँदै हङकङ जाने सामग्रीको ढुवानी लागत उच्च भएकाले नेपाली उत्पादनका वस्तुहरूको मूल्य भारतीय वस्तुको मूल्यभन्दा बढी महगो भई प्रतिस्पर्धा गर्न कठिन छ, जसका कारण हङकङमा नेपाली वस्तुको बिक्री परिमाण कमी रहेको छ।

हङकङ निर्यात व्यापारमा वस्तुको सहज उपलब्ध नहुनु, कमजोर प्याकेजिङ र ब्रान्डिङ, तथा उच्च ढुवानी लागत जस्ता पक्ष नै प्रमुख समस्याका रूपमा रहेको छ। कोलकत्ता नाकाको प्रयोग गरी निर्यात गर्दा कागजपत्रको झन्झट एकातिर छभने अर्कातर्फ ढुवानीमा रहेको उच्च लागतले नेपाली उत्पादनलाई महँगो बनाउँदै आएको छ। यस्तो अवस्थालाई चिर्न र निर्यात बढाउनका लागि मूलतः वस्तुको गुणस्तर, प्याकेजिङमा सुधार गर्न आवश्यक छ,। साथै निर्यात व्यापारमा सरकारले अनुदान दिनाका साथै ट्रान्जिट सुविधामा सुधार गर्नुपर्ने देखिन्छ।

नेपाल र हङकङबीचको व्यापारको सहजीकरण र निर्यात वृद्धि गर्नका लागि दुई देश बीचमा द्विपक्षीय व्यापार सम्झौता गरी व्यापारमा सहजीकरण गर्नुपर्ने देखिन्छ। नेपाली वस्तुहरूको बजारमा सहज र नियमित उपलब्धता सुनिश्चित गर्नुपर्छ। प्याकेजिङ र ब्रान्डिङमा सुधार गरिनु आवश्यक छ, ताकि नेपाली उत्पादनका वस्तु हङकङमा बढी बिक्री गर्न सकियोस्। हवाई मार्गबाट ढुवानी गर्दा ढुवानी लागतमा सहुलियत दिनुपर्नेछ। यसका साथै कार्गो उडानको सुरुआत गर्नुपर्नेछ। निर्यातयोग्य वस्तुहरूको विविधता बढाउँदै अर्ग्यानिक वस्तुहरूको निर्यातमा ध्यान दिनुपर्छ। हङकङमा नेपाली वस्तुलाई प्रतिस्पर्धी कठिन रहेको अवस्थामा कम तौल र बढी मूल्यका नेपाली वस्तुहरू निर्यात गर्न प्रोत्साहन गर्नुपर्छ। यसो गर्न सकिएमा नेपाल र हङकङ बीचको व्यापार बढ्न गई देशको अर्थतन्त्रमा केही हदसम्म भरथेग हुन जानेछ।

*(लेखक हङ्कङ र मकाउका लागि महावाणिज्यदूत हुनुहुन्छ।)*

# त्यो पहिलो महिनावारी...

आलेख - मधु शाही

काठमाडौं। "ह्या उता जा! जहिले खुट्टा चढाउँछे।" निदैनिदमा दिदीले गाली गर्दै खुट्टा फ्याली दिनुभयो। मलाई सम्झना छ, त्यो रात सेतो सुरुवाल र निलो कुर्था लगाएकी थिएँ। सधैं झैं खुट्टा चढाउने बानीले दिदीसँग सुत्दा गाली नखाएको दिन हुन्थेन। अटेरी थिएँ। फेरि दिदीतिरै खुट्टा फ्याँलैं। बालापनको मज्जा नै बेग्लै जति जे गरे पनि माफी पाइन्थ्यो।

कान्छी छोरी भएकीले दिदीलाई अलि बढी दुःख दिन्थे। अटेर गरी दिदीतिर फेरि खुट्टा चढाउन खोजें। तर खुट्टा होइन, कम्मर पो करक्कै खायो। खासै वास्ता गरिनँ। अर्कोतिर कोल्टे फेर्न खोजें। उल्टै तल्लो पेट चस्कियो। दिदीको हात निदैनिदमा दुखिरहेको पेटमा पुऱ्याएर कानमा फुसफुसाएँ, "दिदी सारै पेट दुख्यो!" उहाँ हत्तपत्त जुरुक्क उठ्नुभयो। मानौं कुनै गहिरो सपना देख्दादेख्दै ब्युझिनु भए जस्तै झल्याँस्स हुनुभयो। दिदीले मेरो कुर्था माथि सारेर सुरुवालको पछाडितिर आँखा लाउनुभयो। सेतो लुगा भिजेर निथ्रुक्कै थियो नै। ओच्छ्यानसमेत राताम्मै भयो। दिदी चिच्याउँदै आमा बोलाउनुभयो।

के भयो ? किन यति आत्तिएको मैले केही पत्तो पाइनँ। सुरुवाल र ओच्छ्यानभरि रगत देखेपछि भने मनमा डर लाग्यो। केको डर त्यो पनि थाहा थिएन। आमा आएपछि दिदीले हस्याङफस्याङ गर्दै एउटा शब्द भन्नुभयो, "बहिनी त पन्छी (महिनावारी) छ।"

पन्छिनु अर्थात् महिनावारी हुनु। महिनावारीका थुप्रै ठाउँअनुसारका फरक-फरक बोलीचालीका शब्दहरू छन्। सुदूरपश्चिममा छाउपडी, पश्चिमतिर पन्छिनु, पाखा लाग्नु, पर सर्नु, छुई हुनु आदि। १३ वर्षको उमेरमा पहिलोपटक महिनावारी हुँदा खेप्नु परेको सास्ती मानसपटलमा अझै गहिरो रूपमा गडेको छ। भुल्नु सकिँदैन पनि २१ दिनसम्म गोठमा उकुसमुकुस भएको क्षण। स्कूल जान नपाउँदाको दुखेसो। साथीसङ्गीसँग घुम्न र खेल्न कुद्न नपाएको पीडा। यी सबै घाउ सजिलै हराउँदैनन्।

त्यो दिन सम्झना छ। बिहानीपख ओच्छ्यानमा पहिलोपटक महिनावारी भएकी थिएँ। दिदीले आफ्नो कुर्थाको सल ल्याएर आमालाई दिनुभयो। आमाले पूरै बेहुलीलाई घुम्टोले छोपे जस्तै गरी ढपक्कै लुकाएर घर बाहिर निकाल्नुभयो। कहाँ राख्ने त यसलाई ? दिदी र आमाले सल्लाह गरेर छिमेकीको गोठमाथि थारोमा राख्ने टुङ्गो लाउनुभयो। उहाँहरूको मप्रतिको अनौठो व्यवहार देखेर म रुन थालेछु। अत्तालिएर घुम्टोभित्रैबाट सुकसुकाउँदै आमालाई सोधेँ, "मलाई के भएको हो र ? कहाँ लैजाने ? म घरमै बस्न किन नपाउने ?" यस्ता थुप्रै प्रश्नहरू अनवरत सोधिरहेँ। उत्तर समग्रमा एउटै आयो, "अब तँ ठूली भइस्। यत्ति बुझ्।"

गोठमा २१ रात

माघको चिसोयाम। कुहिरोले मौसम गुम्सुम थियो। उसैगरी म सलभित्र खुम्चिएकी थिएँ। जतिसक्दो कोठामा लुकाउने हतार थियो। घामको झुल्का नउदाउँदै नजरबन्दमा राख्नुपर्ने थियो। दिदी र आमाले छिमेकीको गोठमा पुऱ्याउनुभयो। रातो माटोले लिपेको गोठको माथिल्लो तलामा ओच्छ्यान लगाएर तयार पार्नुभएको रहेछ आमाले। "थुपुक्क यहीँ बस्नु", उहाँले निर्देशन दिँदै के गर्न हुने के गर्न नहुने नियम बुझाउन थाल्नुभयो, "बाहिर हेर्दै नहेर्नु, भाइले बोलायो भने नबोल्नु। अनि सकेसम्म कान थुनेर बस्नु।"

फुर्के जामा लगाएर खेतका कान्ला, खोला नाला कुद्ने ममा अचनाक न सुन्नु, नदेख्नु, नबोल्नु जस्ता 'न' नियम आइपऱ्यो। चरा जस्तै उड्ने बालापनमा यी सबै न नियम लाग्दा सजिलो हुने कुरै थिएन, अझै बढी पीडा स्कूल जान नपाउनु थियो। कक्षा ५ मा पढ्थेँ त्यो बेला। स्कुलमा त्यो दिन मेरो सेरोफेरो विषय पढाउने टेकराज सरले सही उत्तर दिने विद्यार्थीलाई पुरस्कार दिने वाचा गर्नुभएको थियो। पढेकी भए पनि उत्तर दिने अवसर महिनावारी भएकै कारण गुमाएकामा मनमनै दुखी थिएँ।

मेरो पढाइ निरन्तर २१ दिनसम्म गुमिरह्यो। भारतबाट एक वर्षपछि बुबा घर आउनुभएको थियो। त्यसै दिन भैरवस्थान देवताको पूजा गरेर घरमा उत्सव बनाइएको थियो। चामलको पीठोले बनाइने भैरवस्थान मन्दिरमा चढाएको रोटी मलाई निकै मन पर्थ्यो। आमाले अरू बेला सधैं अरू दिदी भाइलाई भन्दा अलि बढी खान दिनुहुन्थ्यो।

महिनावारी गोठमा बसेको पाँच दिन कष्टकर बिताउँदै थिएँ। भैरवस्थान मन्दिरमा पूजा हुँदैछ र बुबा आउँदै हुनुहन्छ भन्ने हर्षले मनमनै गद्गद् थिएँ। आमाले खाना पुऱ्याउन आउँदा सुनाउनुहुन्थ्यो, "बुबा साता दिन मात्रै बस्ने रे। अनि तैंले भैरवस्थानको प्रसाद खानु हुँदैन पाप लाग्छ, म अचम्मै परेँ।"

सधैं भैरवस्थानको प्रसाद मायाले अलि बढी खुवाउने मेरी आमाले आज खान नदिने यति कठोर हृदय कसरी बन्न सक्नुभयो होला ? बुबाले जहिले गीत गाउँदै नाच्न सिकाउनुहुन्थ्यो। आज देख्दैनदेखि कसरी बस्न सक्नुभयो ? पटकपटक शौचालय जाँदा कमजोरीले बेहोस भएर ढल्दा आमाले बोकेर घर गोठमै ल्याउनुहुन्थ्यो। तर मायाले घरमा पुऱ्याउन कुन संस्कारले रोक्यो होला ? हरेक दिन झगडा नगरी चित्त नबुझाउने मेरो भाइलाई के कुराले मौन बनायो होला ? घामको झुल्कासँगै उदाउने मेरो बिहानी किन अँध्यारोमा गुमसुम छ ? बाल मनोविज्ञानमा यस्ता प्रश्नहरू आइरहे तर उत्तर दिने कोही थिएनन्।

२२ दिनपछि स्कूल पुग्दा

झिसमिसे बिहानै कठ्याङ्ग्रिँदो जाडोमा थरथर काँप्दै कुलामा नुहाउन पुगेँ। कमजोर शरीरले रिङ्गाटा लागिरहेको हुन्थ्यो। बिहान ५ बजे कसैले नदेख्दै नुहाउनुपर्ने थियो। म आतुर थिएँ, २१ दिनपछि घामको उज्यालो देख्न। आतुर थिएँ, आकाशे रङ्को सर्ट र नीलो जामा लगाएर स्कूल जान। भाइसँग लडीबुडी गरी खेल्न, साथीभाइसँग गफिन्। गोठबासदेखि उन्मुक्त भएर सुर्के झोला बोकेर खुसी हुँदै स्कूल पुगेँ। त्यो पारिलो घामसँग रमाउँदै, फुर्किँदै स्कूलको ढोकानिर टेकेँ।

धेरै समयपछि आएर होला विद्यालय नौलो लाग्यो। त्यति मात्रै होइन, साथीभाइले गर्ने व्यवहार पनि फरक पाएँ। कोही मलाई हेर्दै कानेखुसी गर्थे त कोही तलदेखि माथिसम्मै नियाल्थे। मानौं म २१ दिनमा अर्कै भएकी छु। कुनै पनि किशोरी लामो समयको अन्तरालपछि स्कूल आइनँ भने उसलाई महिनावारी भएकै संज्ञा दिइन्थ्यो र लाज, घृणा र जिस्क्याउने पात्रका रूपमा व्यवहार गरिन्थ्यो। केटाहरूले त खुलेयाम भन्ने गर्थे, "यो केटी त नछुने भइछ।"

यस्तो अवस्थामा केटीहरूमा मानसिक रूपमा हीनताबोध हुने गर्थ्यो। प्रतिकार गर्ने आँट थिएन। लाज ले रातोपिरो हुनुबाहेक अरू उपाय केही हुँदैन थियो। महिनावारी भएकै कारण विद्यालयमा पढाइको मर्का खेप्नु त छँदैछ, स्कूलमा गरिने बुलिङ (जिस्क्याउने) प्रवृत्तिले कतिपय छात्रा विद्यालय नै छोड्ने गर्थे। २२ दिनपछि खुसी हुँदै स्कूल पुगेकी म पछिल्लो बेन्चको कुनामा रुँदै बसेँ। झन्डै ३० वर्षअघि मैले महिनावारी हुँदा खेप्नु परेको पीडा मेरा बहिनीहरूलाई भोग्नु परेन।

महिनावारीमा विभेद हुँदा पर्ने असर

महिनावारीले किशोरीमा पार्ने मनोवैज्ञानिक, सामाजिक, शैक्षिक, स्वास्थ्यलगायतमा पर्ने असर असीमित हुन्छ। मर्यादित महिनावारीको संस्कार बसाल्न सके छोरीको व्यक्तित्व विकासमा सघाउँछ। विद्यालयमा मर्यादित महिनावारीको शिक्षा नपुगेसम्म धेरै छात्राको पठनपाठनमा प्रत्यक्ष प्रभाव पर्ने मर्यादित महिनावारी अभियान संस्था राधा पौडेल फाउन्डेसनको अध्ययनको निष्कर्ष छ। सरकारले छाउपडीविरुद्धको 'छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ जारी छ।

फाउन्डेसनले काठमाडौं, जुम्ला र सर्लाही गरी १८ देखि २५ वर्ष उमेर समूहका चार सय ७१ जनामा गरेको एक अध्ययनमा महिनावारीका कारण छात्रा विभेद, यौन हिंसामा परेको तथ्याङ्क छ। 'यौन तथा प्रजनन स्वास्थ्यका लागि मर्यादित महिनावारी' विषयक आधारभूत सर्वेक्षण प्रतिवेदनमा महिनावारी हुँदा ५२ प्रतिशत छात्राको पठनपाठन प्रभावित हुने देखाएको हो।

त्यसैगरी, १३ प्रतिशत छात्राले विद्यालयमा विभेद भोग्नु परेको बताएका छन्भने नौ प्रतिशत छात्राहरू महिनावारीकै कारण यौन हिंसामा परेको जनाइएको छ। संविधानसभा सदस्य डा बिन्दा पाण्डेले छाउपडी कुप्रथासँग सम्बन्धित बाजुरा-बूढीनन्दा, हिमाली र स्वामीकार्तिक खापर गरी तीन पालिकाका एक सयजनामा गरिएको सर्वेक्षणमा छाउगोठमा बस्ने ५२ प्रतिशत, छाउघरमा बस्ने २३ प्रतिशत, भुइँतलामा बस्ने १८ प्रतिशत र आफ्नै कोठामा सात प्रतिशत बस्ने गरेको तथ्याङ्क छ। छाउगोठमा बस्दा एक्लै सुत्ने महिलाको सङ्ख्या ५७ प्रतिशत रहेको छ।

सर्वेक्षणमा महिनावारीको बेला दालभात, रोटी खाने ६१ प्रतिशत छन्भने फलफूल खान पाउने मात्रै १० प्रतिशत छन्। छाउगोठमा बसेकै कारण ५२ प्रतिशतले सामाजिक र सांस्कृतिक कार्यक्रममा असंलग्न हुन नदिने तथ्याङ्क छ। "महिनावारी महिलाको प्राकृतिक अधिकार हो पाप होइन," डा पाण्डे भन्नुहुन्छ, "यो कुप्रथा हटाउन सांस्कृतिक र राजनीतिक दुवै पाटोमा समेत जागरण ल्याउन जरुरी छ।" रासस

# वन्यजन्तुका लागि सामुदायिक वनमा पोखरी

दमौली । वनमा रहेका वन्यजन्तुलाई पानी पिउन सजिलो होस् भन्ने उद्देश्यसहित डिभिजन वन कार्यालय तनहुँले विभिन्न सामुदायिक वनमा पोखरी निर्माण गरेको छ । वनजङ्गमा हुने वन्यजन्तुका लागि लक्षित गरी कार्यालयले १० ठाउँमा पोखरी निर्माण गरेको हो ।

आर्थिक वर्ष २०८०/८१ मा रु दश लाखको लागतमा दश ठाउँमा पोखरी निर्माण गरिएको सहायक वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो । मानव वन्यजन्तु व्यवस्थापनका लागि वनमा पोखरी निर्माण गरिएको पण्डितको भनाइ छ । वनमा पानीको स्रोत मासिँदै गएपछि घर छेउ पानी खोज्दै आउने वन्यजन्तुले मानिसलाई आक्रमण गर्न थालेपछि वन कार्यालयले पोखरी संरक्षण अभियान थालेको हो ।

पण्डितले भन्नुभयो, "तनहुँमा केही वर्षयता चितुवाको बढी आतङ्क छ, जङ्गलमा पानीको स्रोत मासिँदै गयो, चितुवा पानी खोज्दै बस्ती पस्न थाल्यो ।" वन कार्यालयले थालेको यो अभियानलाई कतिपय स्थानीय तहले पनि अग्रसरता लिएर आफैले पोखरी निर्माण गर्न थालेका छन् । प्रत्येक सामुदायिक वनभित्र पोखरी भइदिए वन्यजन्तु जङ्गलमै बस्ने र बस्तीसम्म आउने सम्भावना कम हुने पण्डितको भनाइ छ ।

यसैबीच कार्यालयले बन्दीपुर गाउँपालिका-५ थुम्कास्थित याम्पा सामुदायिक वनमा भएको अतिक्रमण हटाएको छ । वन क्षेत्र अतिक्रमण गरी छाप्रो बनाएको र आवादी गरेको ठाउँमा वन कार्यालयले सामुदायिक वन, वडाध्यक्ष र स्थानीयको सहयोगमा अतिक्रमित क्षेत्रको टहरा भत्काएको जनाएको छ ।



### १५ वन्यजन्तुको उद्धार

यस्तै कार्यालयले गत आर्थिक वर्षमा १५ वन्यजन्तुको उद्धार गरेको छ । कार्यालयले रतुवा मृग, कोभ्राको बच्चा, अजिङ्गर, गिद्ध, कालो बाज, निरबिरालोको उद्धार गरेको डिभिजन वन कार्यालयका प्रमुख अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उद्धार गरिएका वन्यजन्तुलाई सुरक्षित बासस्थानमा छाडिएको उहाँले बताउनुभयो । उहाँका अनुसार विसं २०८० भदौ १९ गते व्यास नगरपालिका-३ दमौली अस्पताल नजिकबाट रतुवा मृग, विसं २०८० भदौ २६ गते व्यास-१ गल्वुबैंसीबाट कोभ्राको बच्चा, विसं २०८० असोज ५ गते ऋषिङ गाउँपालिका-१ झापुटारबाट रतुवा मृग, विसं २०८० मङ्सिर १० गते व्यास-१४ रुम्सीबाट अजिङ्गर, विसं २०८० पुस २० गते व्यास-५ मादीसेती दोभानबाट डङ्गर गिद्ध, विसं २०८० फागुन ९ गते म्याग्दे गाउँपालिका-७ बाट रतुवा मृगको उद्धार गरिएको छ ।

त्यसैगरी विसं २०८० चैत १९ गते व्यास-१३ बाट अजिङ्गर, विसं २०८१ वैशाख १५ गते व्यास-१३ बाट कालो बाज, विसं २०८१ वैशाख २८ गते शुक्लागण्डकी नगरपालिका-८ बाट रतुवा मृग र विसं २०८१ जेठ १ गते शुक्लागण्डकी नगरपालिका-७ बाट निरबिरालोको उद्धार गरिएको श्रेष्ठले बताउनुभयो ।

### चितुवाको आक्रमणबाट १५ को मृत्यु

तनहुँमा विगत सात वर्षको अवधिमा १५ बालबलिकाले चितुवाको आक्रमणबाट ज्यान गुमाएका छन् । आर्थिक वर्ष २०७४/७५ देखि चालु आर्थिक वर्ष २०८१/८२ को बीचमा चितुवाको आक्रमणबाट १५ जनाको मृत्यु भएको हो । सोही अवधिमा २१ जना घाइते भएका छन् । आर्थिक वर्ष २०७४/७५ मा चितुवाको आक्रमणबाट एक, आर्थिक वर्ष २०७५/७६ मा तीनको मृत्यु र तीन घाइते, २०७६/७७ मा पाँचको मृत्यु र छ घाइते, २०७७/७८ मा एकको मृत्यु र चार घाइते, २०७८/७९ मा दुईको मृत्यु र दुई घाइते, २०७९/८० मा दुईको मृत्यु र दुई घाइते, २०८०/८१ मा चार घाइते र २०८१/८२ मा एक जनाको मृत्यु भएको छ । रासस

# आयुर्वेद स्वास्थ्य केन्द्र पन्ध्र महिनादेखि सञ्चालक समितिविहीन

तनहुँ । जिल्ला सदरमुकाम दमौलीस्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र विगत पन्ध्र महिनादेखि सञ्चालक समितिविहीन बनेको छ ।

केन्द्रमा सञ्चालक समिति नहुँदा कार्यालयको खर्च व्यवस्थापन तथा बिरामीलाई थप सेवा विस्तारमा कठिनाइ भएको छ । समितिका तत्कालीन अध्यक्ष देवीबहादुर बस्नेतको कार्यकाल सकिएपछि नयाँ व्यवस्थापन समिति गठन नहुँदा आयुर्वेद केन्द्र सञ्चालनमा समस्या भएको हो ।

केन्द्रका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंका अनुसार सञ्चालक समिति नहुँदा केन्द्रबाट नागरिकलाई प्रदान गरिने थप सेवा सुविधा प्रभावित भएको छ । उहाँका अनुसार टिकट शुल्क र सेवाबापतको रकम जम्मा गरिएपनि नयाँ सिर्जनशील र सेवा सुविधा विस्तार रोकिएका छन् ।

केन्द्रमा दैनिक ४० देखि ५० जना बिरामी उपचारका लागि आउने गरेका छन् । उपचारमा आउने बिरामीमध्ये अधिकांश ग्याष्ट्रिक, बाथ र ज्वरोका हुने गरेका छन् । केन्द्रले प्रयोगशाला सञ्चालनमा ल्याएको छ । निरीक्षक चापागाईंले भन्नुभयो, "न्यून शुल्कमा प्रयोगशाला परीक्षण गर्ने सुविधा भएपछि बिरामीको चाप बढ्दै गएको छ ।"

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले अध्यक्ष नियुक्त गर्न विलम्ब गरेकाले केन्द्रमा खर्च व्यवस्थापन तथा बिरामीका लागि थप सेवा सुविधा विस्तारमा कठिनाइ भएको उहाँको भनाइ छ । क्षारसुत्र, पञ्चकर्म, प्रयोगशाला र टिकट दस्तुरबापतको आम्दानीको पैसाबाट नयाँ काम तथा खर्च व्यवस्थापन गर्न नपाउँदा समस्या भएको केन्द्र प्रमुख डा नारायण श्रेष्ठले जानकारी दिनुभयो ।

"हामीले पटक-पटक मन्त्रालयमा ताकेता गरिरहेका छौं, कुनै सुनुवाइ भएको छैन," उहाँले भन्नुभयो, "समस्या समधान नहुँदा काम गर्न कठिनाइ भएको छ ।" प्रदेशका स्वास्थ्यमन्त्री परिवर्तन भएका कारण समस्या उत्पन्न भएको उहाँले बताउनुभयो । "मन्त्रालयबाट नीतिगत निर्णय हुने बित्तिकै यो काम अघि बढ्छ", उहाँले भन्नुभयो । रासस

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७।९।३ मा दर्ता भएको प्रा.लि. नं. २५०२८३ को अर्गानिक च्या पस फुड्स एण्ड वेभरेज प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१।५।२४ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## कृषि विकास कार्यालयहरूमा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

*सूचना नं. ०१-२०८१/०८२ (कृषि विकास)*

*प्रथमपटक प्रकाशित मिति २०८१/०५/२५*

भरतपुर महानगरपालिका आर्थिक विकास महाशाखा, कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व २०८१/०८२ को वार्षिक नगर विकास योजना स्वीकृत प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान तपशिल बमोजिमको कार्यहरु सञ्चालन गर्न लागिएको हुँदा भरतपुर महानगरपालिका भित्रका कार्यविधिमा तोकिएको मापदण्ड पूरा गरेका इच्छुक आवेदक कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनीहरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र (मिति २०८१/०६/२३ सम्म) माग निवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पूरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइड www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण | विनियोजित बजेट/अनुदान | आवेदक | कार्यक्रम सञ्चालन प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | खेती जमिनमा सिचाइ कार्यकम बोरिङको लागि पानी तान्ने मोटर भरतपुर-४ | गाग मनुसार | ५ लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यकम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि |
| २ | कृषि यान्त्रिकरण तोरी प्रशोधन प्रवर्द्धन कार्यक्रम भरतपुर-१९ | माग अनुसार | १५ लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यकम कार्यान्वयन कार्यनिधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ३ | तेलहन बालि प्रवर्द्धन कार्यकम भरतपुर-२५ | माग अनुसार | १० लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ४ | पुष्प खेती प्रर्वद्धन कार्यकम भरतपुर-८ | माग अनुसार | २ लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ५ | तरकारी खेती प्रर्वद्धन कार्यकम भरतपुर-२४ | माग अनुसार | १५ लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ६ | कृषि यान्त्रिकरण तोरी मिल प्रवर्द्धन कार्यक्रम भरतपुर-६ | माग अनुसार | १० लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ७ | खाद्यान्न बाति गहुँ प्रर्वद्धन कार्यकम भरतपुर-५ | माग अनुसार | १५ लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ८ | कृषि यान्त्रिकरण मिनिटिलर सहयोग प्रवर्द्धन कार्यक्रम भरतपुर- ४ र ५ | माग अनुसार | १० साख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ९ | खेतियोग्य जमिनमा सिचाइ कार्यक्रम स्यालो ट्युववेल भरतपुर-२५ | माग अनुसार | १० लाख/अधिकतम ५० प्रतिशत | कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |

**आवश्यक कागजात तथा सर्तहरू**

१. समूह/सहकारीको निर्णय सहित माग निवेदन ।
२. सम्बन्धित संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि र कर चुक्ताको प्रतिलिपि ।
३. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे निर्णयको प्रतिलिपि ।
४. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तायारी पत्र ।
५. सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र ।
६. कार्यक्रम सञ्चालन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि, लिजमा लिएको जमिन भए कम्तीमा ५ वर्ष वा सम्बन्धित कार्यक्रमको कार्यविधि अनुसारका कागजातहरु ।
७. सिंचाईको हकमा जग्गाको नापी नक्सा ।
८. कार्यक्रम अनुसार कार्यविधिले तोकेका अन्य कागजातहरु ।
९. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको हकमा अनिवार्य नवीकरण गरेको हुनुपर्ने छ ।
१०. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीले आवेदन दिनको लागि एक वर्ष पहिले दर्ता गरेको हुनुपर्ने छ ।
११. २०८०/०८१ मा यस कृषि शाखाबाट अनुदान पाएको कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको सदस्यले यस आ.व. २०८१/०८२ मा आवेदन दिन नपाउने ।

नोट- कार्यक्रमसम्बन्धी थप जानकारीको लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा को फोन नं. ०५६-४९३४३७ वा फोन न. ९८४५३५५९७६ वा ९८६०५७३२९१ मा सम्पर्क गर्न सकिने छ । कार्यविधि संशोधन भएमा संशोधित कार्यविधि बमोजिम नै कार्यकम सञ्चालन हुने छ । प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनुपर्ने छ ।

## रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रत्ननगर चितवन

## आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

*सूचना प्रकाशित मिति : २०८१/०५/२६*

**यस कार्यालयबाट मिति २०८१।०४/१७ को कारोबार राष्ट्रिय दैनिकमा प्रथमपटक प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रत्ननगर नगरपालिका वडा नं. २ र ८ मा सञ्चालन हुन गइरहेको सडक कालोपत्रे निर्माण तथा सडक आर.सि.सि. ढलान निर्माण योजना (81/82) कार्यका लागि E–Bidding मार्फत यस रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालयमा पेश हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा देहायका बोलपत्रहरू सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३९ (ङ) को उपनियम (५) प्रयोजनार्थ बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१।०६।०१ गते तदानुसार १७ सेप्टेम्बर २०२४ दिनको ११:०० बजे रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।**

**तपशिल :**

| सि.न. | बोलपत्रदाताको नाम | ठेगाना |
|---|---|---|
| १ | New SB Construction | Ratnanagar-11 |
| २ | Prajil Construction Pvt.Ltd. | Lalitpur-5, Manbhawan |
| ३ | Kishan and Dristi Builders Pvt.Ltd. | Kathmandu |
| ४ | Siddhi Bahan-Sigma J/V | Bharatpur-9, Chitwan |

QFX cinemas
WATCH & WIN



BUY NUMBARI SUN MOVIE TICKETS VIA QFX APP/WEBSITE AND STAND A CHANCE TO WIN CHANDRAHAAR
VALID FOR ALL QFX CINEMAS
VALID FROM 6TH AUGUST 2024 TO 10TH AUGUST 2024
*TERMS & CONDITION APPLY
QFX Cinemas @qfxcinemas_official @qfxcinemas_official @QFXCinemas

## चितवन र नवलपरासी पूर्व तथा पश्चिमका महत्त्वपूर्ण टेलिफोन नम्बरहरू

सञ्चारपत्र दैनिकमा समाचार, विचार, आलेख, लेखरचना इत्यादी पठाउनु परेमा : esancharpatra@gmail .com

**आकस्मिक सेवा :**
प्रहरी कन्ट्रोल कक्ष : १००/०५६-५२४२४१
**दमकल सेवा :**
दमकल भरतपुर महानगरपालिका : ०५६-५२१०८३
**एम्बुलेन्स सेवा :**
नेरेसो चितवन : ०५६-५२०१३३/५२०८८०
क्षयरोग निवारण संस्था, चितवन: ९७४५०६७४००
नेरेसो, कावासोती: ०७८-५४०४१८
नेरेसो, परासी: ०७८-५२०१२५/५२००७६
मातृभूमि, पर्सा: ९८४५०५१३८६
नेरेसो, खोलेसिमल: ०५६-५६११३३
नेरेसो, पार्वतीपुर: ९८४५०५०५४५
नेरेसो, चनौली: ९८४५०५६९३९
नेरेसो, शारदानगर: ९८४५०५६६३७
नेरेसो फूलबारी: ९८४५११२२८४
गीतानगर, लायन्स: ९८४५३९६४३३
सहमति, गैंडाकोट: ०७८-५१२४८
विजय विकास स्रोत गैंडाकोट: ०७८-५०११००
पुरानो मेडिकल कलेज (सिएमएस): ०५६-५२८८०९
वीपी कोइराला मेमोरियल क्यान्सर अस्पाल: ०५६-५२४५०१
ओम अस्पताल: ०५६-५२७६७३
नारायणी सा.हस्पिटल: ०५६-५२५५१७
**प्रशासनिक निकाय :**
जिल्ला प्रशासन कार्यालय चितवन: ०५६-५२०१०५
जिल्ला प्रशासन कार्यालय, नवलपरासी: ०७८-५२०११७
जिल्ला समन्वय समिति, चितवन: ०५६-५२०१४७
जिल्ला समन्वय समिति, नवलपरासी: ०७८-५२०१४४
भरतपुर महानगरपालिका, चितवन: ०५६-५२१४६७
रत्ननगर नगरपालिका, चितवन: ०५६-५६०५२९
खैरहनी नगरपालिका, चितवन: ०५६-
राप्ती नगरपालिका, चितवन :
कालिका नगरपालिका, चितवन : ०५६-४१३१२७/३७
माडी नगरपालिका, चितवन : ०५६-५०१०४१
इच्छाकामना गाउँपालिका, चितवन :
गैंडाकोट नगरपालिका, नवलपरासी पूर्व :
मध्यविन्दु नगरपालिका, नवपरासी पूर्व :
देवघाट गाउँपालिका, देवघाट :
विद्युत प्राधिकरण भरतपुर: ०५६-५२०१६६
विद्युत प्राधिकरण नवलपरासी (पश्चिम): ०७८-५२०११५
विद्युत प्राधिकरण नवलपरासी (पूर्व): ०७८-५४०२०२
**सुरक्षा निकाय :**
जिल्ला प्रहरी कार्यालय, चितवन: ०५६-५२०१५५
जिल्ला प्रहरी कार्यालय, नवलपरासी (पूर्व): ०७८-५४०१७९
जिल्ला ट्राफिक प्रहरी कार्यालय, चितवन: ०५६-५२४८९९
जिल्ला ट्राफिक प्रहरी कार्यालय, नवलपरासी (पूर्व): ०७८-५४००३०
इलाका प्रहरी कार्यालय, मुग्लिन: ०५६-५४०००३
इलाका प्रहरी कार्यालय, गैंडाकोट: ०७८-५०११९९
इलाका प्रहरी कार्यालय, रत्ननगर: ०५६-५६०१९९
इलाका प्रहरी कार्यालय, खैरहनी: ९८५५०९०१३१
इलाका प्रहरी कार्यालय, भण्डारा: ९८५५०९०३०३
इलाका प्रहरी कार्यालय, माडी: ९८५५०९०१३४
प्रहरी बिट, देवघाट: ९८४४६२४६७
वडा प्रहरी कार्यालय, नारायणगढ: ०५६-५७११४६, ९८५५०९०१३२
शसस्त्र प्रहरी बेस क्याम्प भण्डारा: ०५६-५५०१९९
शसस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय आँपटारी: ०५६-४१४१५५
**स्वास्थ्य संस्था :**
चित्रवन नेचर क्योर हस्पिटल ०५६-५३५२१३
भरतपुर अस्पताल: ०५६-५२०४६०
वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल: ०५६-५२४५०१
भरतपुर आँखा अस्पताल: ०५६-५२०३३३
बकुलहर रत्ननगर अस्पताल: ०५६-५६०५००
चितवन मेडिकल कलेज: ०५६-५३२९३३
पुरानो मेडिकल कलेज: ०५६-५२४२०३
नारायणी सामुदायिक हस्पिटल: ०५६-५२५५१७
पुष्पाञ्जली हस्पिटल: ०५६-५९३४४०, ९८५४०८०४००
चितवन हस्पिटल: ०५६-५२७१०१
भरतपुर सेन्ट्रल हस्पिटल: ०५६-५२४२२३
नेशनल सिटी हस्पिटल: ०५६-५२३४११
आमा आयुर्वेद सेवा प्रा.लि.: ०५६-५७०१७४
वैदिक आयुर्वेद सेवा प्रा.लि.: ०५६-५७११०४
अनमोल होमियो क्लिनिक: ०५६-५७०१५९

# लोकभजन चुड्का संरक्षण प्रतिष्ठान पुनर्गठन

भरतपुर। राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठानको चितवन जिल्ला समिति पुनर्गठन गरिएको छ। प्रतिष्ठानले सोमवार भरतपुरमा एक औपचारिक कार्यक्रमको आयोजना गरी समिति पुनर्गठन गरेको हो। २०६७ सालमा स्थापना भएको सो प्रतिष्ठानको तत्कालिन समयका अध्यक्ष टिकाराम शर्मा लामिछानेकै अध्यक्षतामा पुनः कार्यसमिति गठन गरिएको हो।



नवगठित ३५ सदस्यीय समितिमा खुल्ला उपाध्यक्षमा वेदप्रसाद आचार्य, महिला उपाध्यक्षमा रश्मी ईटनी काप्री, सचिवमा उद्धव अर्याल, सह-सचिवमा रामु आचार्य, कोषाध्यक्षमा हिमाल खनाल, सह-कोषाध्यक्षमा डाशिराम ढकाल रहनुभएको छ। त्यस्तै सदस्यहरुमा सीता कंडेल, प्रदिप सापकोटा, प्रकाशमणि सापकोटा, मेघराज अधिकारी, लक्ष्मी रेग्मी खरेल, मंजु पौडेल गौतम, विनु सुवेदी, विक्रम लम्साल, राजेन्द्र हमाल, कृष्ण पन्त, मन बहादुर मगर, कमल पौडेल, रुपा पौडेल, उद्धव प्रसाद अधिकारी, हरिकृष्ण लामिछाने, धर्मदत्त सुवेदी लगायत चयन हुनुभएको छ। त्यस्तै प्रमुख सल्लाहकारको रुपमा एनआरएनका केन्द्रीय प्रवक्ता सोम सापकोटा चयन हुनुभएको छ।

प्रतिष्ठानका बागमती प्रदेश इन्चार्ज लोक तथा दोहोरी गायक नविन पौडेलको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा एक महिना भित्र चितवनका सात पालिका तथा सम्भव हुने वडाहरुमा समिति गठन गरिने लक्ष्य राखिएको छ। कार्यक्रममा बोल्दै पौडेलले चितवन जिल्ला भित्र रहेको स्थानीय मौलिक भजन, भजनसंग सम्वन्धित वाध्य सामाग्रीहरुलाई संरक्षण साथै प्रर्वधन गर्दै भजनलाई वृहत्तर विकासका साथ आगामी पुस्तालाई हस्तान्तरण गर्न यो समितिले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा ओमकारेश्वर भजन समूह काठमाण्डुका गोविन्द प्रसाद नेपाल, गायिका पुनम बस्याल लगायतले बोल्नुभएको थियो। कार्यक्रम संस्थाका अध्यक्ष टिकाराम शर्मा लामिछानेको अध्यक्षतामा सम्पन्न भएको थियो।

# दियालो बङ्गलामा २३ हजार ५७४ जनाले गरे अवलोकन

चितवन। सर्वसाधारणका लागि दियालो बङ्गला खुला गरेसँगै हालसम्म २३ हजार ५७४ जनाले अवलोकन गरेका छन्। भरतपुर महानगरपालिकाले व्यवस्थापनको जिम्मेवारी लिएर गत असार २३ गतेदेखि बङ्गला सर्वसाधारणका लागि खुला गरिएको थियो। यही भदौ २२ गतेसम्म एक सय २७ जना विदेशी पर्यटक पनि बङ्गला अवलोकन गरेका थिए।

भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीका अनुसार अवलोकन गर्न आएकाबाट रु २३ लाख ४४ हजार एक सय राजस्व सङ्कलन भएको छ। सर्वसाधारण नेपालीलाई प्रवेश शुल्क रु एक सय, ज्येष्ठ नागरिक र विद्यार्थीलाई ५० प्रतिशत छुट गरिएको छ।

यस्तै छिमेकी राष्ट्र भारत र चीनका पर्यटकका लागि रु एक सय ५०, तीबाहेकका सार्क राष्ट्रका पर्यटकका लागि रु रु दुई सय र अन्य मुलुकका पर्यटकका लागि रु तीन सय शुल्क तय गरिएको छ। उपप्रमुख अधिकारीले दैनिक घुम्न आउनेको सङ्ख्या बढ्दै गएको बताउनुभयो।

भरतपुर-१ मा दियालो बङ्गला छ। नेपाल ट्रष्टसँग सम्झौता गरेर व्यवस्थापनको जिम्मेवारी महानगरले लिएको हो। उठेको राजस्वको ६० प्रतिशत ट्रष्ट र ४० प्रतिशत महानगरले पाउनेगरी व्यवस्थापन गरिएको हो। महानगर प्रमुख रेनु दाहालले दियालो बङ्गलाको ऐतिहासिक महत्व भएकाले यहाँ घुम्न रुचाउनेहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएको बताउनुभयो। यहाँ अवलोकन र अध्ययनका लागि आउने पर्यटक बढ्दै गएको उहाँको भनाइ छ।

जाडो महिनामा तत्कालीन राजपरिवारले यही दरबारमा धेरै समय बिताउने गरेकाले यहाँको महत्व र यसको अवलोकन गर्न आउनेको सङ्ख्या बढेको हो। राजपरिवारले सिकार खेल्न आउँदा बस्ने ठाउँ हो यो। ऐतिहासिक महत्व बोकेको दरबारभित्र पहिलो तलामा ठूलो बैठककक्ष छ। बङ्गलाको भित्तामा पूर्व राजारानी तस्बिर देख्न सकिन्छ। भर्याङमा २०२६ सालमा राजा महेन्द्रले सिकार गरी मारेको घडियाल गोही सजाएर राखिएको छ। भित्तामा बाघको टाउको जस्ताको तस्तै अवस्थामा राखिएको छ।

दरबारमा पाँचवटा खोपी ९बेडरुम० छन्। एक नम्बर खोपी रत्नराज्यको हो भने दुई नम्बर राजा र तीन नम्बर रानी, चार र पाँच राजपरिवारका अन्य सदस्यका हुन्। सबै खोपीमा शौचालयसँगै छ। राजपरिवारले प्रयोग गरेका सामग्री अहिले पनि जस्ताको तस्तै छ। दरबारको छेउमा दरबारका महिला सुसारेका लागि 'नानीगञ्ज' छभने सँगै राजाको सुरक्षा गार्डका लागि ' एडिसी क्वार्टर' छ। केही पर सवार ीसाधन राख्न ग्यारेज छ। त्यसको छेउमा रहेको पौडीपोखरीमा अहिले पानी छैन।

महानगरप्रमुख प्रमुख दाहालले लामो समयदेखि नेपाली सेनाको सुरक्षामा रहेको दरबार क्षेत्रभित्र के छ भन्ने कौतुहलता मेट्दै सर्वसाधारणले अवलोकन गर्न सक्ने वातावरण मिलाइएको बताउनुभयो। व्यवस्थित व्यवस्थापनका लागि महानगरपालिका लागिपरेको उहाँले जानकारी दिनुभयो।

चितवन घुम्न आउने पर्यटकका लागि बसाइ लम्ब्याउन बङ्गला सहयोगी हुने देखिएको छ। भरतपुर भ्रमण वर्षका अवसरमा महानगरपालिकाले नेपाल ट्रष्टसँग आग्रह गरेर सर्वसाधारणका लागि खुला गरेको हो।


Admission Open 2081
Study In NEPAL
Upto 100% Scholarship In Admission
(Affiliated to TU)
BHM BIM
CENTRAL MODEL COLLEGE
Facilities
Job Support & Paid Internship
Advanced Lab/ Smart Board/ Free Bus
Fully Air Condition & Wifi Class Rooms
YAGYA BILAS POUDEL (YB)
Bharatpur Oralo, Chitwan | Tel : 056-490806


# मनकामना केबुलकारको स्तरोन्नति

कुरिनटार। देशकै पहिलो यात्रुबाहक केबुलकार सेवा अत्याधुनिक डिजिटल डी-कनेक्ट प्रविधिमा स्तरोन्नति भएको छ। मनकामना दर्शन प्रा.लि.ले चितवनको चेरेसदेखि गोरखाको सुप्रशिद्ध तीर्थस्थल मनकामना माईको मन्दिरसम्म सञ्चालन गरिरहेको मनकामना केबुलकारको दुई महिना लगाएर स्तरोन्नति गरेको हो। अस्ट्रियाको केबुलकार निर्माता कम्पनी डोपलमेयरका इन्जिनियर तथा प्राविधिकको प्रत्यक्ष सहभागिता र सुपरिवेक्षणमा मनकामना केबुलकारको स्तरोन्नति भएको हो।

गतअसार ३१ गतेदेखि केबुलकारको सेवा रोकेर डिजिटल स्तरोन्नति र मुख्य लठ्ठा फेर्ने काम गरिएको मनकामना दर्शन प्रा.लि.ले जनाएको छ। करीब ५० करोड रुपैयाँ लगानीमा स्तरोन्नति सकिएसँगै मनकामना केबुलकार असोज १ गते मंगलबारदेखि पुनः सञ्चालनमा आउने भएका छ।

मनकामना केबुलकार नेपालकै पहिलो यात्रुबाहक केबुलकार सेवा हो। प्रतिष्ठित उद्यमी लक्ष्मणबाबु श्रेष्ठको परिकल्पना र लगानीमा निर्माण भएको मनकामना केबुलकार २०५५ मंसिर ८ गते सञ्चालनमा आएको थियो। मनकामना केबुलकार सेवाको सफलताले स्वदेशी उद्यमी व्यवसायीलाई केबुलकार सेवामा लगानी गर्न प्रोत्साहित गर्दा अहिले देशका दर्जनौं स्थानमा केबुलकार सेवा सञ्चालनमा आइसकेका छन्। मनकामना दर्शन प्रा.लि. पर्यटन विधामा सबैभन्दा बढी कर तिर्ने करदाताको रुपमा नेपाल सरकारबाट पटकपटक सम्मानित भएको छ।

मनकामनाले सेवा सुरु गरेको २६ वर्षपछि केबुलकारको मुख्य लठ्ठा फेर्ने र डिजिटल डी-कनेक्ट प्रणालीमा स्तरोन्नति गर्ने काम सम्पन्न गरेको हो। हालसम्म मनकामना केबुलकार एनालग अपरेटिङ सिस्टमबाट चलिरहेको थियो।

कम्पनीले आफ्नो सेवालाई समय र प्रविधिमा आएको परिवर्तनअनुरुप स्तरोन्नति गरेको हो। यो क्रम आगामी दिनमा पनि जारी राख्ने मनकामना दर्शन प्रालिका प्रबन्ध निर्देशक राजेशबाबु श्रेष्ठले बताउनुभयो।


VACANCY ANNOUNCEMENT FOR AUDIT FIRM
Job Category : Accounting/Finance/Audit
No . of Vacancies : 1
Employment Types : Full Time Job
Location : Buaratpur-10, Chitwan
Offered Salary : Negotiable
Qualification : Bachelors degree in Relevant Field
Experience : 3 years of experience in auditing or accounting is preferred but not required .
**Special Information**
Interested candidates are highly encouraged to send their resumes to : *easytax .com .np@gmail .com*
**Easy Tax Consultancy Pvt . Ltd .**
Bharatpur-10, Chitwan
Contact No: 056-493789, 9845390185



आकर्षक शटरहरू भाडामा
भरतपुर ७ पञ्चेश्वरटोल, क्यान्सर अस्पतालको १ नं. गेटबाट १०० मिटर भित्र सम्पूर्ण भौतिक सुविधाहरुले सम्पन्न व्यापारिक प्रयोजनका लागि अति नै उपयुक्त सटरहरु भाडामा रहेकोले ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क मो : ९८५५०३९४६४



चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



अब विदेशमा DHL बाट सस्तोमा चिठी, पार्सल कुरियर गर्नुपरेमा हामीलाई सम्झनुहोला।
विदेशमा खानेकुरा सस्तोमा पठाउन्छ।
www.aramex.com
शंकरसिंह गुरुङ्ग
मो.: ९८४६३५०५८७ ९८११८७१५३०
फोन: ०५६- ५२४८९१
सुपर फास्ट कुरियर प्रा. लि.
शहीदचोक, पिया मार्केट, नारायणगढ (सन्चो फर्माको पछाडी)
DHL EXPRESS
विदेशका लागि चिठी पार्सलमा ४५% छुट।
aramex delivery unlimited
अब स्वदेश तथा विदेशका लागि चिठ्ठी, पार्सल, औषधी छिटो भन्दा छिटो पठाउनु परेमा सिधै अफिसमा आएर बुक गरेमा सस्तोमा पठाईन्छ।
अबदेखि चिठी, पार्सल होम डेलिभरी गरिन्छ।



Star's Montessori Academy
From where your child's career begins
A COMPLETE PRE SCHOOL
Toddler : 2 to 3 yrs old
Nursery : 3 to 4 yrs old
LKG : 4 to 5 yrs old
UKG : 5 to 6 yrs old
Chitwan
Bharatpur-11, Malpot Chowk
056-490037, 9855061037
Pokhara
Palikhe Chowk
061-575135, 9856028978
www.sma.edu.np
info@sma.edu.np
facebook.com/sma.edu.np



# आवश्यकता

यस दैनिकका लागि बजार प्रतिनिधि आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकले यथाशीघ्र सम्पर्क गर्नुहोला।

| पद | संख्या | कार्यक्षेत्र |
|---|---|---|
| बजार प्रतिनिधि | १ | चितवन, नवलपुर, मकवानपुर |

सम्पर्क :
सञ्चारपत्र दैनिकको कार्यालय
भरतपुर-१० (भरतपुर गार्डेन रिसोर्टको पछाडि)
मोबाइल : ९८४५१५६४१२



Get Your way To Creative Design
OUR SERVICES
Hoarding Board
3D/2D Board
Flex Print
Light Board
Sticker Print
Digital Num. Plate
Photo Frame
Digital Marketing
Many More..
Contact Us For More Info
CMT ADVERTISING SERVICE PVT. LTD.
A Complete Advertising Service Agency
Bharatpur-10, Kataharchowk, Chitwan
056-594278 9855046349
cmtadservice@gmail.com/cmtad.acct@gmail.com



शिशु FERTILITY CLINIC
निःसन्तानपन समस्याको सफल उपचारका लागि आजै सम्पर्क गर्नुहोस्!
CMS Road, भरतपुर १०, चितवन +977 9828839269 | 056 535097


नारायणी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित **सञ्चारपत्र दैनिक**का लागि **प्रकाशक** : कृष्ण आचार्य (९८४५१५६४१२) **प्रधान सम्पादक** : राजु चौधरी, **कार्यकारी सम्पादक** : आनन्द पोखरेल, **सम्पादक** : सीता लामिछाने, **संस्थापक प्रधान सम्पादक** : कृष्ण गिरी **संस्थापक सम्पादक** : हरिप्रसाद पोखरेल, **बजार व्यवस्थापक** : माधव भट्टराई (९८५५०४९६८८), **कार्यालय** : भरतपुर-१०, वीरेन्द्र क्याम्पसअगाडि, चितवन, फोन : ०५६-५३८८३४, E-mail : esancharpatra@gmail .com, Web : www .esancharpatra .com, शाखा : कावासोती, नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मुद्रक : क्वालिटी प्रेस, भरतपुर